का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ माघ २०८०,
सोमबार
22 January 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३४८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# मुद्दाले कहिल्यै नछोड्ने रवि लामिछाने

अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा आएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने एकपछि अर्को विवादमा पर्नसमेत छाडेका छैनन् । नागरिकता र राहदानी मुद्दामा उपप्रधान एवम् गृहमन्त्री गुमाएका रविमाथि फेरि सहकारी ठगी मुद्दा आइलागेको छ ।

**शिव विक / मध्यान्ह**
काठमाडौं, ७ माघ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने तथा ग्यालेक्सी फोरके टिभीका सञ्चालक गितेन्द्रबाबु (जिबी) राई जोडिएको भनिएको सहकारी घोटाला प्रकरणमा छानबिन सुरु भएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले यस प्रकरणमा अनुसन्धान सुरु गरेको हो ।

नगरिकता र राहदानी लगायत विषयमा मुद्दा खेपेका रास्वपा सभापति लामिछाने फेरि सहकारीको ठगी प्रकरणमा जोडिएका हुन् । अर्थात, अदालतमा अर्को मुद्दाको पेसी खेप्ने अवस्थामा लामिछाने देखिएका छन् ।

यसअघि गत पुस १६ गते बसेको प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा आफूबिरुद्ध आक्रामक रुपमा प्रस्तुत भएका लामिछानेलाई जवाफ दिने क्रममा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सहकारी घोटाला प्रकरणमा रविबिरुद्ध अनुसन्धान अघि बढ्न सक्ने संकेत गरेका थिए ।

स्रोतका अनुसार गृहमन्त्री श्रेष्ठले सीआईबीका निर्देशक तथा एआईजी किरण बज्राचार्यलाई सहकारी प्रकरणमा अनुसन्धान गर्न निर्देशन गरेका थिए । सोही निर्देशन बमोजिम सीआईबीले अनुसन्धान अघि बढाएको हो ।

सहकारी विभागले पनि लामिछानेको समेत नाम जोडेर दर्ता भएको उजुरी सम्बन्धित प्रदेशहरूमा पठाएको छ । विभागले उजुरीमा उल्लेख भएका तीनवटा सहकारीहरू प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने भएका कारण सम्बन्धित प्रदेशहरूमा पठाइएको बताए । विभागका अधिकारीहरुका अनुसार ग्यालेक्सी टीभीको सन्दर्भलाई लिएर सहकारीको विषयमा कारबाही गरी पाऊँ भन्ने उजुरी परेको छ ।

लामिछाने बिरुद्धको राहदानी दुरुपयोग सम्बन्धी मुद्दामा आइतबार नै अदालतमा पेशी थियो । उक्त मुद्दामा महान्यायाधिवक्ताको कार्यालयले सफाइ दिने निर्णय गरेकोमा सो निर्णयको विरुद्ध रिट परेको थियो । उक्त रिटमाथिको सुनुवाइ आइतबार परेतापनि हेर्न नभ्याइनेमा परेको छ । अब अर्को मिति २०८१ जेठ २९ गतेलाई पेशी परेको छ । अब यो सँगै सहकारीको विषय पनि थपिएको हो ।

लामिछाने २०७९ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा चितवन २ बाट प्रतिनिधि सभाका सदस्य निर्वाचित भएका थिए । नागरिकता विवादमा पद गरेपछि रिक्त भएको सिटमा फेरि लामिछाने नै विजयी भएर आए ।

राजनीतिमा प्रवेश गर्नुअघि एक टेलिभिजन प्रस्तोता रहेका रहेका लामिछानेले त्यसयता बिभिन्न मुद्दा खेपिरहेका छन् । सहकारीको विषय पनि पत्रकारिता रहँदाको विषय हो । ग्यालेक्सी फोरके टिभीमा रहँदा भएको लगानीको विषय र सहकारीबाट रकम लिएको सम्बन्धमा लामिछाने आरोपित भएका हुन् ।

२०७९ मा, लामिछानेले ग्यालेक्सी फोरके टेलिभिजनको प्रबन्ध निर्देशकको पदबाट राजीनामा दिएर उनले प्रतिनिधि सभा निर्वाचन लड्न राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेका थिए । उनी नेतृत्वको पार्टी रास्वपा हाल संघीय संसदमा चौथो ठुलो पार्टीको रुपमा रहेको छ । चुनाव लगत्तै उपप्रधान तथा गृहमन्त्री भएका थिए । पछि नागरिकता विवादमा »» पृष्ठ २ मा

# संसदमा एनजिओ सभामुखले नै उठाए प्रश्न

जननिर्वाचित संसदलाई खबरदारी गर्न भन्दै विभिन्न एनजिओ सक्रिय छन् । संविधानसभा सदस्य परिषद् नेपाल, पूर्वसांसद मञ्च नेपाल, नेपाल कानून समाज, महिला कानून र विकास मञ्जलगायत एनजिओले संसदसँग सहकार्य गर्दै आएका छन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ७ माघ ।

गैरसरकारी संस्था (एनजिओ)ले संघीय संसदमा सहयोग गर्दै आएका छन् । संसद सचिवालयका अधिकारीहरुका अनुसार बिभिन्न एनजिओले आफूखुसी संसदीय विषयगत समितिसँग साझेदारी गर्ने र एनजिओको सहयोगमा बिभिन्न कार्यक्रमहरु संसदभित्रै र बाहिर हुने संचालन गर्ने गरेका छन् ।

यस्तो कार्यले संसदीय गरिमालाई असर पुऱ्याएको भन्दै आइतबार बसेको सभामुख देवराज घिमिरेसहितको प्रतिनिधि सभाका विषयगत संसदीय समितिको सभापतिहरुको संयुक्त बैठकमा प्रश्न उठेको छ ।

संसद सचिवालयका अधिकारीहरुका अनुसार एनजिओको सहयोगमा हुने अधिकांश कार्यक्रमहरुमा संचार क्षेत्रको उपस्थिति नहुने भएकाले नेपालको राष्ट्रिय सुरक्षा र परराष्ट्रसम्मका विषयमा खुलेर छलफल हुने गर्दछ । आइतबार पदाधिकारी तहको छलफलमा सभामुख घिमिरेले नै एनजिओको सहयोगको विषय प्रश्न उठाए ।

'एनजिओहरु बिभिन्न समितिमा प्रवेश गरे भन्नेमा आयो । एनजिओलाई तपाईंहरु नल्याउनुस्' विषयगत समिति सभापतिहरुलाई निर्देशन दिँदै सभामुख घिमिरेले भने, 'सहयोग लिनै परे संसद सचिवालय मार्फत आउने वान डोर स्टिमबाट जानुपर्छ । यो भन्दा दायाँवायाँ/तलमाथि नगर्नुहोला ।'



"एनजिओहरु विभिन्न समितिमा प्रवेश गरे भन्नेमा आयो । एनजिओलाई तपाईंहरु नल्याउनुस् र सहयोग लिनै परे संसद सचिवालयमार्फत आउने वान डोर स्टिमबाट जानुपर्छ । यो भन्दा दायाँबायाँ/तलमाथि नगर्नुहोला ।"
**देवराज घिमिरे**
**सभामुख**


सभामुख घिमिरेले बिभिन्न एनजिओको खर्चमा विदेश जाने प्रवृति त्याग्न र समिति सभापतिको हैसियतमा एनजिओको सहयोगमा बिदेश जाने प्रवृतिलाई निरुत्साहित गर्न समेत भनेका छन् ।

'संसदलाई जानकारी हुन्न को सांसद कहाँ छन ? एनजिओ मार्फत सभामुखलाई थाहै नदिइकन विदेश गइरहेका हुन्छन् । त्यो पनि नगर्नुहोस्' सभामुख घिमिरेले भनेका छन् । कुन देशमा कस्तो कार्यक्रममा जाँदै गरेको हो त्यसबारे सम्बन्धित निकायमा जानकारी गराउनुपर्ने र जान आवश्यक हो वा होइन त्यसबारे पूर्वछलफल हुनुपर्ने उनको भनाइ छ ।

संसदीय विषयगत समितिका सभापतिहरुसँग सभामुख घिमिरेले प्रश्न गरेका छन्, 'कतिपय वैदेशिक भ्रमण गैसकेपछी, काम सकिएपछि जानकारी गराउने अभ्यास छ । यो राम्रो भएन । जान हुन कि नहुने ? केही पूर्वजानकारी वा छलफल छैन । समय घर्किसकेपछी जानकारी गराउनुको के अर्थ ?'

जवाफमा समिति सभापतिहरुले गैरसरकारी संस्थाको सहयोगलाई एकद्धार गर्नुपर्ने सभामुखको प्रस्तावमा समर्थन जनाए । तर, कुन समितिले कुन संस्थासँग सहयोग लिइरहेको छ त्यसबारे प्रष्ट पारेनन् । आइतबारो छलफलमा कानून न्याय तथा मानव अधिकार »» पृष्ठ २ मा

# शेखरको दोहोरो चरित्र



विगतमा पहिचानको कुरा गरेर प्रधानमन्त्री प्रचण्डले राजनीतिक वातावरण बिगार्न खोजेको आरोप लगाउने नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला अहिलै आफैं पहिचान पक्षधरहरुसँग भेटेर आन्दोलनरत पक्षको मागलाई साथ दिने बताउन पुगेका छन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ७ माघ ।

कोशीको नामाकरण विवाद समाधानमा नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला आफैं सक्रिय भएका छन् । पहिचानको आन्दोलनरत पक्षधरहरुसँग भेटेरै उनले समस्या समाधानको प्रयासमा भूमिका खेलेका हुन् ।

नेताहरुका अनुसार कोशी प्रदेशमा आफू निकटका केदार कार्कीलाई मुख्यमन्त्री बनाएपछि उनलाई सफल बनाउने दायीत्ववोध शेखर कोइरालाले गरेका छन् । त्यस अनुसार उनी कोशीको नामाकरण विवाद समाधानमा सकिय भएका हुन् ।

गत माघ २ गते मोरङको सुन्दरहरैचामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले आफू पहिचानको पक्षमा भएको बताएका थिए । पहिचानको लडाइँ अहिले पनि चलिरहेको र त्यो पहिचानको लडाइँमा नेपाली काँग्रेस समेत पक्षमा छ भन्ने बुझ्न उनले आग्रह गरेका थिए । आफूहरुले पहिलेदेखि नै द्वन्द्व पनि मेटिने र पहिचान पनि भेटिने संघीयताको मोडल आवश्यक रहेको बताउँदै आएको उल्लेख गर्दै उनले गत पुस महिनामा पाँचथरमा आयोजित कार्यक्रममा पनि आफू पहिचानको पक्षमा भएको बताएका थिए ।

संघीय सरकारमा रहेको सत्ता गठबन्धनका निर्णय अनुसार कोशी प्रदेशमा माओवादीको नेतृत्वमा सरकार बनाउने तयारी थियो । संघीय गठबन्धनको निर्णय नमानेर शेखरको नेतृत्वमा कोशी प्रदेशमा कांग्रेसमा रहेकाहरुले विभाजित भएर एमालेसँग मिलेर सरकार बनाएका थिए । पछि एमाले सरकारबाट बाहिरिने र कोशी प्रदेशमा पनि संघीय सत्ता गठबन्धनकै सरकार रहने गरी सहमति भएपछि केदार कार्की नेतृत्वको सरकार निरन्तर छ ।

कोशी प्रदेशको सरकार सफल बनाउन नसके त्यसको भार आफूले समेत बोक्नुपर्ने भएकाले कोइराला पहिचान पक्षधरहरुसँग भेटेरै संवादमा जुटेका हुन् । विगतमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पहिचानको विषय सरकार प्रमुखबाटै उठाएर जातीय द्वन्द्व निम्त्याउन खोजिएको आरोप लगाउने काइराला कार्की मुख्यमन्त्री भएपछि फेरिएका हुन् । विगतमा पहिचानको कुरा गरेर प्रचण्डले वातावरण बिगार्न खोजेको आरोप लगाउने कोइराला आफैं पहिचानपक्षधर हरुसँग भेटेर समस्या समाधानमा सक्रिय भएका हुन् ।

पहिचान पक्षधरहरुसँग वार्ता गर्न कोशी सरकारले हालै वार्ता समिति गठन भएको छ । तीन सदस्यीय वार्ता समिति कोशी प्रदेशको मन्त्रिपरिषदको निर्णय अनुसार गठन भएको हो । शेखरको सक्रियतासँगै कोशी सरकार पनि पहिचानपक्षधरहरुसँग वार्ताका लागि सकारात्मक भएको हो ।

कोशी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कमलप्रसाद जबेगू वार्ता समिति संयोजक छन् । वार्ता समितिमा कोशी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव लक्ष्मी प्रसाद पौडेल सदस्य सचिव र वन तथा बतावरण मन्त्री गणेश उप्रेती सदस्य छन् ।

पहिचान पक्षधर समूहले प्रदेशको नामाकरणको बिषयलाई लिएर कोशी प्रदेशका विभिन्न जिल्लामा विरोध कार्यक्रम गर्दै आएका छन् । तत्कालिन मुख्यमन्त्री हिक्मत कार्की नेतृत्वको सरकारले बनाएको टोलीले दुई चरणमा वार्ता गरेपनि सहमति नभएपछि पहिचान पक्षधर समूहले विभिन्न जिल्लामा आन्दोलन जारी राखेका छन् ।

## वैदेशिक रोजगार विशेष

# व्यवसायी संघ परराष्ट्रबाट किन टाढा ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ ले वैदेशिक रोजगारसम्बन्धी नीति, कानून मापदण्ड, व्यवस्थापन र नियमनको जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दिएको छ । तर पछिल्ला दिनमा नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ ले मन्त्रालयलाई दिएको क्षेत्राधिकारभित्रका काममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तथा परराष्ट्र मन्त्रालयमार्फत प्रत्यक्ष निर्देशन र नियमन भएको देखिएको छ ।

श्रम मन्त्रालयको निर्देशनमा वैदेशिक रोजगार बोर्ड र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी)बीच भएको विवादास्पद सम्झौता कार्यान्वयन नगर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुस २५ गते श्रम मन्त्रालयलाई निर्देशन दिएपछि श्रम मन्त्रालयको काममा प्रधानमन्त्री कार्यालयको नियन्त्रण देखिएको सार्वजनिक भयो । त्यसको दुई दिनअघि पुस २३ गते परराष्ट्रमन्त्री एनपी साउदले वैदेशिक रोजगार बोर्डका निर्देशक डा. द्वारिका उप्रेतीले मलेसियाको उक्त निजी कम्पनीसँग गरेको सम्झौता कार्यान्वयन नगर्ने भन्दै त्यसको कानूनी र आर्थिक पाटोमा अनुसन्धान गर्न शुरु गराएका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका केही पूर्वअध्यक्षहरुले मलेसियाको निजी कम्पनी एफडब्लुडब्लुएमसीले प्रति कामदार ४५ अमेरिकी डलर लिने सम्झौता कार्यान्वयनका लागि श्रम मन्त्रालयले मलेसियास्थित नेपाली दूतावासलाई पत्राचार गर्न आग्रह गरी परराष्ट्र मन्त्रालयलाई पत्र पठाएपछि उक्त सम्झौता कार्यान्वयन नगर्न परराष्ट्रमन्त्री साउदलाई आग्रह गरेका थिए ।

आइतबार वैदेशिक रोजगार बोर्डले एक विज्ञप्ति जारी गर्दै मलेसियाको निजी कम्पनी एफडब्लुडब्लुएमसीसँग गरिएको सम्झौता प्रधानमन्त्री कार्यालयको निर्देशनका कारण कार्यान्वयन नहुने सार्वजनिक गऱ्यो । श्रम मन्त्रालय मातहतबाट सम्पादन हुनुपर्ने काममा पछिल्ला दिनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र परराष्ट्र मन्त्रालय निर्णायक देखिन थालेका छन् । तर वैदेशिक रोजगार व्यवसायीहरु तालुकदार मन्त्रालय भन्दै श्रम मन्त्रालय धाउन »» पृष्ठ २ मा

## संघद्वारा १९ बुँदे मागपत्र पेश

**काठमाडौं / मस**– नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमक्ष १९ बुँदे मागपत्र पेश गरेको छ । वैदेशिक रोजगारमा जाने कामदारको हक हितको संरक्षण गरी वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन कामदार पठाउँदा लिइने सेवा शुल्क वृद्धिलगायतका व्यवसायीका जायज मागहरु लामो समयसम्म पनि सम्बोधन नगरिएको भन्दै संघले श्रम मन्त्रालयसमक्ष १९ बुँदे मागपत्र पेश गरेको हो ।

आइतबार मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीमार्फत संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको हो । मन्त्री भण्डारी राष्ट्रिय सभा निर्वाचनका लागि मन्त्रालयमा अनुपस्थित छन् ।

सचिव भण्डारीसमक्ष ज्ञापनपत्र पेश गर्दै »» पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**
ARE YOU READY TO JOIN OUR TEAM?

HOPE International

| Job Position | Pax Opening |
|---|---|
| Recruitment and Screening Manager | 1 |
| Front Desk and Sourcing Head | 1 |
| Document Controller | 3 |

**Job Requirement :**

- Recruitment and Screening manager is responsible for the entire recruitment process by following criteria outlined by the client to fulfill their needs. They should be detail oriented and must have excellent knowledge of recruitment strategies.
- Must have experience in related fields and related role as a recruiting officer in a manpower/recruitment agency.
- Must be proficient in Microsoft Word, Excel, PowerPoint and Outlook. Should be fluent in English, Nepali and Hindi.
- Must excel at using newspaper advertisements and social media platforms (Facebook, Instagram, YouTube) for recruiting purposes. Should have good knowledge on recruitment and screening strategies to ensure applicable candidates are available for interviews.
- Should be very proficient in creating uniform documents of candidates according to their experiences.

**Competitive Salary Package for deserving candidates!**

**We want you to join our team! Here is how you can apply.**

If you meet the requirements, please call on these numbers to **schedule an interview.**
9818943149 | 01-4002151

OR

Send us your updated CV and contact details via the following **email address.**
info@hopeinternational.com.np

**Visit Our Location for interview | Please bring your updated CV.**
Chakrapath, Maharajgunj, Kathmandu, Nepal *(Opposite of Maharajgunj Bhatbhatini)*

मध्यान्ह
www.madhyanhadaily.com
८ माघ २०८०, सोमबार
22 January 2024, Monday

# इच्छाराज तामाङका दम्पत्ती दोषी ठहर

**काठमाडौं/मस**-सहकारीका बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा मुद्दा खेपेका पूर्व सांसद इच्छाराज तामाङ सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर भएका छन्। आइतबार विशेष अदालतका न्यायाधीशहरु टेकनारायण कुँवर, तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले उनीसहित ४ जनालाई दोषी ठहर गरेको हो ।

तामाङकी श्रीमति सिर्जना शाक्य पनि उक्त मुद्दामा दोषी ठहर भएकी छिन्। त्यस्तै सिभिल सहकारीका अध्यक्ष केशवलाल श्रेष्ठ पनि दोषी ठहरिएका छन् । यो मुद्दामा इच्छाराजका दुई छोरीहरु प्रतीक्षा र प्रतिष्ठाले भने सफाइ





पाएका छन् । उनीहरुले पाउने सजाय निर्धारण भने हुन बाँकी छ । तामाङले तीन वर्ष भन्दा बढीको कैद सजाय पाउने भएकोले सजाय निर्धारणका लागि अदालतले माघ २१ गते छुट्टै इजलास राख्न आदेश दिएको छ । यो मुद्दाको कसुर निर्धारणका लागि यही माघ २१ गते इजलास तोकिएको छ ।

तामाङ दम्पतीविरुद्ध सिभिल सेभिङ एवं क्रेडिट को-अपरेटिभमा बचतकर्ताहरूको रकम हिनामिना गरेको भन्दै मुद्दा दायर भएको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले तामाङविरुद्ध ३ अर्ब ३१ करोड ८५ लाख रुपैयाँ गैरकानूनी रुपमा आर्जन गरेको भन्दै २०७९ भदौमा मुद्दा दायर गरेको थियो । तत्कालीन सिभिल बैंकका अध्यक्ष समेत रहेका तामाङविरुद्ध काठमाडौं जिल्ला अदालतमा अर्को मुद्दा पनि विचाराधीन छ । ठगी र संगठित अपराधमा उनीविरुद्ध ५ अर्ब ७७ करोड ८० लाख ९० हजार रुपैयाँ बिगो दावीसहितको मुद्दा विचाराधीन रहेको हो ।

# बरहथवामा ऐलानी जग्गा नापजाँच शुरु

**सर्लाही/मस**- सर्लाहीको बरहथवा नगरपालिकामा ऐलानी जग्गा नापजाँच शुरु भएको छ । भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीलाई जमिनको स्वामित्व दिलाउनका लागि ऐलानी जग्गा नापजाँच शुरु भएको हो ।



शनिबारदेखि बरहथवा नगरपालिका १ नम्बर वडाबाट भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोवासीलाई जमिनको स्वामित्व दिलाउनका लागि ऐलानी जग्गा नापजाँच शुरु गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाकी नगर प्रमुख कल्पना कुमारी कटुवालले १ नम्बर वडाबाट जग्गा नापजाँचको काम शुरु गरेको बताइन्। उनले बरहथवा नगरपालिकाले राष्ट्रिय भूमि आयोग र नापी कार्यालयसँगको समन्वयमा जग्गा नापजाँच गरिरहेको बताइन्।

नगरका प्रमुख कटुवालले क्रमशः सबै वडामा नापजाँच प्रक्रिया अघि बढाइने बताइन्। 'अब नगरका १८ वटै वडामा क्रमिक रूपमा काम अघि बढाउँछौं,' उनले भनिन् । जग्गा नापजाँचपश्चात नक्सा प्रमाणीकरण गरेर जग्गाधनी पुर्जा दिन प्रक्रिया अगाडि बताइने उनको भनाइ छ। नगरपालिकाका उपप्रमुख रामबाबु प्रसाद साहले जग्गा नापजाँचको काम अगाडि बढेसँगै नगरका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासी जमिनका मालिक बन्ने बताए ।

राष्ट्रिय भूमि आयोग सर्लाहीका अध्यक्ष चन्द्रप्रसाद वाग्लेले बरहथवा नगरमा पनि ऐलानी जमिन नापजाँच शुरु भएसँगै आयोगको कामकाज अघि बढेको बताए । भूमि आयोगको काम अघि बढेर कार्यान्वयनमा आएसँगै बरहथवा नगरमा ४ हजार ५ सयभन्दा बढी परिवार जमिनको मालिक बन्ने उनले बताए। उनका अनुसार यसअघि इश्वरपुर, हरिवन, लालबन्दी र बागमतीसहितका पालिकाको ऐलानी जमिन नापजाँच शुरु भइसकेको छ ।

# पञ्जा सिंहसहित ६ जनाविरुद्ध पक्राउ पुर्जी जारी

**काठमाडौं/मस**-सत्तारुढ नेकपा माओवादी केन्द्रको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहसहित ६ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । आइतबार १५ वर्षअघिको हत्या सम्बन्धी एक घटनामा जिल्ला अदालत सुर्खेतले उनीहरुविरुद्ध पक्राउ पुर्जी जारी गरेहो हो ।

२०६५ फागुन २६ गते खुकुरी हानेर कालीकोटका १७ वर्षीय राजबहादुर मल्लको हत्या भएको थियो ।

उक्त हत्या काण्डमा संलग्न भएको आरोपमा उनीहरुलाई अदालतले प्रहरीलाई पक्राउ गर्न अनुमति दिएको हो । अदालतले सिंहसहित पदमबहादुर रावत, बालकृष्ण सिंह, टंकबहादुर सिंह, वीरबहादुर मल्ल र अलि कार्कीविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो । राजबहादुरको हत्या लगत्तै उनका काका नवराज मल्लले पदमबहादुर रावतविरुद्ध जाहेरी दिएका थिए। २०७९ साउन ३ गते उनले १४ जनाविरुद्ध पुरक जाहेरी दिएका थिए ।

## मुद्दाले...

गृहमन्त्री पद समेत गुमेको थियो । नारिकता विवादमा उन्मुक्ति पाएता पनि लामिछाने अन्य विषयमा निरन्तर विवादमा परिरहेका छन् ।

राजनीतिमा आउनु अगाडि पनि रवि यस्ता अनेक विवादमा पर्ने गरेका थिए । उनी आफ्नै पूर्वसहकर्मी शालिकराम पुडासैनी आत्महत्या दुरुत्साहन मुद्दामा समेत तानिएका थिए। आत्महत्या दुरुत्साहन मुद्दामा अदालतबाट छुटेका लामिछाने त्यसअघि प्रेस काउन्सिलसँग झमेलामा थिए। पारिवारिक कारणले पनि उनी सञ्चार क्षेत्रमै हुँदा विवादित थिए ।

## संसदमा...

समितिकी सभापति विमला सुवेदी, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, कृषि समितीकी सभापति आरजु राणा देउवा, अर्थ समितिका सभापति सन्तोष चालिसे र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशी उपस्थिति थिए ।

छलफलपछि सभामुख घिमिरेले गैरसरकारी संस्थाले विषयगत समितिलाई गर्ने सहयोग संसद सचिवालयमार्फत नै गर्नुपर्छ भन्नेमा पुगिएको जानकारी दिए । सभामुख घिमिरेले पत्रकारहरुसँग भनेका छन्, 'बाहिरबाट समितिहरुलाई सहयोग प्रदान गर्नको लागि बिभिन्न दातृ संस्थाहरुले सहयोग गर्न कोसिसहरु अथवा सहयोगहरु प्राप्त हुन्छ भनिएका कुराहरुलाई एकीकृत ढंगबाट समितिहरुलाई चाहिने सहयोग संसद सचिवालयमार्फत नै लिनु राम्रो हुन्छ भन्ने सुझाव आएको छ ।'

जननिर्वाचित संसदलाई खबरदारी गर्न भन्दै बिभिन्न एनजिओ सक्रिय छन् । संविधानसभा सदस्य परिषद् नेपाल, 'पूर्वसांसद मञ्च नेपाल, नेपाल कानुन समाज, महिला कानुन र विकास मञ्ज लगायतका एनजिओले संसदसँग सहकार्य गर्दै आएका छन् ।

## व्यवसायी...

छाडेका छैनन् । आइतबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीलाई १९ बुँदे ज्ञापनपत्र बुझायो । तर मागपत्र प्रमाणित गर्नेदेखि विदेशी मुलुकसँग गरिएका सम्झौता कार्यान्वयनका लागि महत्वपूर्ण भूमिकामा रहेको परराष्ट्र मन्त्रालयको नेतृत्वलाई ध्यानाकर्षण गराउन संघको नेतृत्व गएको छैन । श्रम मन्त्रालयको क्षमता र मन्त्रालयको नेतृत्वको आड भरोसामा गरिएका विवादास्पद निर्णयका कारण श्रम मन्त्रालयको मात्रै मुख ताकेर वैदेशिक रोजगारका क्षेत्रमा चाङ लागेका समस्याको समाधान नभेटिने कतिपय अनुभवी व्यवसायीहरुको सुझाव छ ।

## संघद्वारा...

संघका अध्यक्ष राजेन्द्र भण्डारीले कामदारको लागत निर्धारण गरी कामदार पठाएबापत मागपत्रमा उल्लेख भएअनुसार व्यवसायीले कामदारको न्यूनतम १ महिना तलब बराबरको रकम सेवा शुल्क लिन पाउने वैधानिक व्यवस्था, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)को सुधार गायतका माग उठाएको बताए । उनले फेमिस पटक-पटक अवरुद्ध हुँदा कामदार र व्यवसायीको समय तथा अनावश्यक रकम खर्च भइरहेकाले उक्त प्रणाली सहज ढंगले सञ्चालन गरी वैदेशिक रोजगार विभागबाट हुने झन्झट र ढिलासुस्ती अन्त्य गर्न ढिलाइ भइरहेको दाबीसमेत गरे ।

संघले मागपत्र प्रमाणीकरण कार्यविधि २०८० तत्कालै कार्यान्वयन गरी मागपत्र प्रमाणीकरण गर्दा खाडी मुलुक तथा मलेसियालगायत सम्पूर्ण देशबाट भइरहेको झन्झटिलो र व्यवसायीलाई दुःख दिने कार्य तत्काल बन्द गर्न पहल गरिनुपर्ने, वार्षिक सय जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने व्यवस्था खारेज गर्न दर्ता गरिएको केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक पारित गर्न यथाशीघ्र पहल गरिनुपर्ने र व्यवसायीले इजाजत लिन राखेको नगद धरौटीको ब्याज व्यवसायीले पाउने व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

संघले काठमाडौंस्थित साउदी अरेबियाको दूतावासले कामदारलाई आर्थिक भार पार्ने गरी अनिवार्य बायोमेट्रिक प्रणाली लागू गरेको भन्दै त्यसलाई हटाउन तत्काल कूटनैतीक पहल गरी साउदी अरब कामदार पठाउन काठमाडौंस्थित दूतावाससँग पहल गर्नपनि माग गरेको छ । संघले साउदी दूतवासले सीमित व्यवसायीलाई मात्रै परिचयपत्र (आईडी) दिने र उनीहरुलाई पनि अनावश्यक झन्झट दिँदै कतिपय व्यवसायीको बिनाकारण कार्ड खोस्ने, सेवा निलम्बन गरिदिने तथा सीमित व्यवसायीलाई मात्रै एकाधिकार गर्न बल पुग्ने कार्य गरेकाले उक्त कार्य रोक्न र इजाजतपत्र प्राप्त सबै व्यवसायीलाई साउदी आईडी दिलाउन पहल गरिनुपर्ने माग पनि मन्त्रालयसमक्ष गरेको छ ।

व्यक्तिगत श्रम स्विकृतिको नाममा अनधिकृतरुपमा स्वीकृति दिने कार्यले मानव तस्करी बढिरहेकाले व्यक्तिगत श्रम स्वीकृतिको नाममा भइरहेका गलत कार्यको छानबिन गरी महिला कामदारहरुलाई सहज ढंगबाट व्यवसायीहरुमार्फत पठाउने व्यवस्था गरिनुपर्ने पनि संघले मागपत्रमा उल्लेख गरेको छ ।

नीतिगत परिवर्तनका काममा संघको प्रतिनिधि राखिनुपर्ने भन्दै संघले संघको समेत प्रतिनिधि राखी वैदेशिक रोजगार ऐन, २०६४ लाई समय सापेक्ष परिवर्तन गर्नुपर्ने, वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने संस्थाका लागि आवश्यक न्यूनतम मापदण्डसम्बन्धी कार्यविधिमा रहेको भौतिक पूर्वाधारसम्बन्धी अनावश्यक मापदण्ड हटाइनुपर्ने, वैदेशिक रोजगारीमा कामदार पठाउनका लागि उपयुक्त मापदण्ड निर्धारण गरिनुपर्ने, वैदेशिक रोजगारमा जाने अर्ध दक्ष र दक्ष कामदारलाई लागू गर्न खोजिएको अनिवार्य अंग्रेजी भाषा परीक्षाको कारण भाषा नजान्ने तर सीप भएका व्यक्ति वैदेशिक रोजगारमा जान बञ्चित हुने हुँदा उक्त व्यवस्था खारेज गर्नुपर्ने माग गरेको छ ।

संघले अभिमुखीकरण तालिमको नयाँ कार्यविधि संशोधन गर्दा राहदानी लिनु अगाडि नै अनिवार्य अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था गरिनुपर्ने भन्दै राहदानी लिइसकेको भए राहदानीवाहकले अभिमुखीकरण लिएर मात्रै वैदेशिक रोजगारमा जाने प्रक्रियामा सामेल गराउने व्यवस्था गरिनुपर्ने माग गरेको छ। वैदेशिक रोजगारको आकर्षक गन्तव्य मुलुक इजरायलमा केयर गिभरबाहेक र कोरियाको ई-७ भिसामा व्यवसायीमार्फत पठाउने व्यवस्था गर्नुपर्ने पनि संघको माग छ।

जापानबाट आएको मागपत्र प्रमाणीकरण नहुँदा बिचौलियाहरुले व्यक्तिगत श्रम स्विकृति बनाएर जापान जाने कामदारहरुसँग ठूलो आर्थिक शोषण गरिरहेको भन्दै व्यवसायीहरुले ल्याएको एसएसडब्लुलगायत सम्पूर्ण मागपत्रहरु प्रमाणीकरण गर्ने व्यवस्था गरिनुपर्ने र अभ्यासार्थी कामदार हरुले भिसा प्राप्त गरेर पनि जान नामको संस्थाको कारणले जापान जानबाट बञ्चित हुने अवस्था सिर्जना भएकाले उक्त संस्था तत्कालै खारेज गर्नुपर्ने संघले माग गरेको छ । संघले युरोपका विभिन्न देशको भिसा लगाउन ठूलो रकम खर्च गरेर भारत जानुपर्ने बाध्यात्मक अवस्था अन्त्य गर्न युरोपेली देशहरुको भिसा कन्सुलर शाखा नेपालमा स्थापनाका लागि पहल गर्न पनि माग गरेको छ । संघले आफूले उठाएका जायज मागहरु सम्बोधन नभए तथा समस्या समाधान नगरिएमा व्यवसाय सञ्चालन गर्न नसकिने र बाध्य भइ वैदेशिक रोजगारमा कामदार पठाउन बन्द गर्ने मन्त्रालयलाई जानकारी गराएको छ। ज्ञापनपत्र बुझ्दै सचिव भण्डारीले संघले उठाएका समस्या गम्भीर रहेकाले समाधानका लागि आफ्नो तर्फबाट हरसम्भव प्रयास गर्ने आश्वासन दिए ।


## लेखापरिक्षक नियुक्ती सम्वन्धी सूचना

**प्रकाशित सूचना मिती : २०८०/१०/८ गते**

आकार कम्प्लेक्स प्रा.लि.को मिती २०८०/१०/७ को संचालक समितीको बैठकको निर्णय बमोजिम वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि आ.व. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण कार्य गर्नको लागि लेखापरिक्षक नियुक्ती गर्नु पर्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिमको प्रकृया पुरा गरी वार्षिक साधारसभा गर्ने तथा अन्य सरकारी तथा गैर सरकारी निकायमा लेखापरिक्षण बुझाउनु पर्ने भएकाले योग्यता पुगेका लेखापरिक्षक फर्महरुबाट पेशागत प्रमाणपत्र प्राप्त तथा इजाजत प्राप्त लेखापरिक्षकहरुले यो सूचना प्रकाशित भएको मितीले ७ (सात) दिनभित्र लेखापरिक्षण कार्य गरे वापत लाग्ने शुल्क सहितको शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रित नपुगी आएका निवेदन दर्ता गरिने छैन ।

**लेखापरिक्षकको योग्यता**

(क) आइक्यानमा नविकरण भएको प्रमाणपत्रको प्रतिलीपी
(ख) फर्मको प्रमाणपत्रको प्रतिलीपी
(ग) फर्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलीपी
(घ) प्रस्ताव पेश गर्दा प्रा.लि. को ईमेल मार्फत पनि पेश गर्न सकिनेछ ।

**संचालक समिती**
**आकार कम्प्लेक्स प्रा.लि.**
महावौद्ध, काठमाडौं, फोन नं. ०१५३३१३२४, Email: akarcomplex072@gmail.com



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०७/३० मा दर्ता भएको **आल्तो एडुकेशन कन्सलटिङ सर्भिसेज प्रा.लि. (प्रा.लि. नं. ३०२२९०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## साउदीमा रोजगार | कम्पनी : BAHR AL-MATHAQ TRADING COMPANY
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४७६ | LT. No.: 298485

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४४७६६०३



## युएईमा रोजगार अवसर | कम्पनी : Sobha Constructions L.L.C.
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४६१ | LT. No.: 298468

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 60 | 0 | स. काममा दक्ष | 1100 | ३९,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAAN NEPAL Pvt.Ltd.**
SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077, 9801088616, 9801088617, 98010886 18
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np



## मलेसियामा रोजगार | कम्पनी: SMART FORCE SECURITY SERVICES SDN.BHD.
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४६५ | LT. No.: 298453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 53 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## युएईमा रोजगार | कम्पनी: EXPERTS PLUS RECRUITMENT SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/०५ | चलानी नं.: ६०२१३४५२ | LT. No.: 298325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 100 | 0 | स. काममा दक्ष | 1300 | ४६,९४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी: OBAID ALQUBAISI TRANS & GEN. CONTRACTING EST** शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४७९ | LT. No.: 298542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 15 | 0 | | 1000 | ३६,११० | | | | | | | |
| 3. | Demolition Labourer | 87 | 0 | | 800 | २८,८८८ | | | | | | | |
| 4. | Reinforcing Fitter. | 27 | 0 | | 1000 | ३६,११० | | | | | | | |
| 5. | Tile Layer | 35 | 0 | | 1000 | ३६,११० | | | | | | | |

## साउदीमा रोजगार | कम्पनी: JAL HUMAN RESOURCES CO
शहर: Saudi Arabia, Dammam

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४६३ | LT. No.: 298509

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,००० युएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## युएईमा रोजगार | कम्पनी: ONTIME MANPOWER SUPPLY
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४७१ | LT. No.: 298531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 100 | 0 | स. काममा दक्ष | 800 | २८,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**यसै कम्पनीको लागि** Baker (COMMIS), Cook (COMMIS), Barista, Waiter, Runner, Counter Server and cleaner **को पनि माग भएकोले जान इच्छुकले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.**
Govt. Lic. No.: 1645/080/081
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal
Email: globalmanpowernepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717



## SAUDI मा रोजगार | कम्पनी: BRANCH OF OBAID MOHAMMED AL- SAADI TRANSPORT COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१०/०५ | चलानी नं.: ६०२१३४३३ | L.T. No.: 298296

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६३,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4526566
Email: hr@crown.com.np | web: www.crown.com .np



## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAPRA GROUP FOR PROPERTY CARE EST | शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४६२ | LT. No.: 298482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 10 | 5 | | 1200 | ४३,३३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EAGLE MANPOWER CONSULTANT PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १६०६/०७९/०८०
Chakrapath, Kathmandu, Nepal, Tel.: 01-5912955
E-mail : marketing@eaglemanpower.com.np | Web.: www.eaglemanpower.com.np

# अर्घाखाँचीमा असुरक्षित गर्भपतन बढ्दो

**नविन वि.क / मध्यान्ह**
अर्घाखाँची, ७ माघ



गर्भपतन रहरले होइन बाध्यताले गराउने हो । यसका पछाडि विभिन्न बाध्यता हुने गरेको भेटिन्छन् । गर्भ रहँदा र त्यस गर्भलाई हुर्कन दिँदा निम्तिने सम्भावित जटिलताले गर्दा धेरैले गर्भपतन गराउँछन् । गर्भपतन गराउने केहि विधि प्रचलित छन् र सुरक्षित पनि । तर अहिले औषधी सेवनबाट पनि गर्भपतन गराउने गरेको पाइन्छ । त्यसमा सतर्कता अपनाउनुपर्ने हुन्छ । ज्यानै जोखिममा राखेर अनिच्छुक गर्भपतन गराउनेहरुको संख्यामा साचेजस्तो कमी आउन सकेको छैन् । अर्घाखाँची जिल्लामा २०८० को साउनदेखि मंसिर मसान्तसम्म मात्रै २ सय ७५ जनाले गर्भपतन गराएका छन् । जसमा १६ जना किशोरी अर्थात २० वर्ष भन्दा कम उमेरकाले गर्भपतन गराएका छन् । २० वर्ष भन्दा कम उमेरकाले गर्भपतन गराउनेको तथ्यांकलाई विष्लेशण गर्दा जिल्लामा बाल विवाहको अवस्था पनि कायमै छ की ? भन्ने आकलन गर्न सकिन्छ ।

अर्घाखाँचीमा आ.व. २०७९/८० मा कुल ६ सय ७९ जनाले गर्भपतन छन भने २७ जना २० वर्ष भन्दाकम उमेरका किशोरीले गर्भपतन गराएका स्वास्थ्य कार्यालय अर्घाखाँचीको तथ्याकंमा देखिएको छ । तथ्यांक अनुसार यसअघि आ.व २०७८/७९ मा ७ सय २४ जनाले गर्भपतन गराएका थिए भने २९ जना किशोरीले गर्भपतन गराएका थिए । तथ्यांकमा कुल गर्भपतन गराउनेको संख्यामा अघिल्लो वर्षको तुलनामा आ.व. २०७९/८० मा ४५ जनाले कमी देखिएपनि २० वर्ष भन्दा कम उमेरका किशोरीहरुले गर्भपतन गराउनेको संख्यामा भने कमी देखिएको छैन् ।

यस्तै औषधी सेवन गरेर आ.व ०७९/८० मा ६ सय ८ जनाले गर्भपतन गराएका छन् भने अप्रेशन विधिबाट ७१ जनाले गर्भपतन गराएका छन् । औषधी सेवन गरी गर्भपतन गराउनेको संख्या बढ्दै गएको देखिएको छ भने अप्रेशन गरेर गर्भपतन गराउनेको संख्या कमी हुँदै गएको तथ्यांकले देखाएको छ ।

यो तथ्यांक सुरक्षित गर्भपतन अर्थात् मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेको मात्र भएको स्वास्थ्य कार्यालय अर्घाखाँचीका जनस्वास्थ्य निरीक्षक गणेशराज पौडेलले बताए । उनले आ.व २०७८/७९ को भन्दा २०७९/८० को संख्यामा केही मात्रामा कमी देखिएपनि त्यो अवस्था जटिलता नै रहेको बताए । 'यो तथ्यांक मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेको मात्र हो, यो न्यूनीकरणको अवस्था होइन्, असुरक्षित विधि अपनाएर गर्भपतन गराउनेको संख्याको एकीन तथ्यांक निकाल्न सकिँदैन,' उनले भने 'असुरक्षित गर्भपतन गराउनेहरु पनि उत्तिकै रहेको अनुमान गर्न सकिन्छ ।'

नेपालको कानूनले नै १२ हप्ता सम्मको सुरक्षित गर्भपतन गर्न अनुमति दिएको छ । तर अहिले १५ हप्तामाथिको पनि औषधी सेवन गरेर गर्भपतन गर्ने गर्छन् । सरकारमा सूचीकृत भएका संस्थाबाट गर्भपतन सम्बन्धी निःशुल्क सेवा लिन सकिन्छ, तर कतै सरकारी संस्थाको विश्वास नभएका कारण त कतै ग्रामीण भेगमा निःशुल्क सेवा पाइन्छ भन्ने ज्ञान नभएका कारण मेडिकलमा गएर एउटा ट्यावलेट किनेर गर्भपतन गर्ने गरेको पनि पाइन्छ ।

कानूनको समेत वेवास्ता गरी गर्भपतनको गलत अभ्यास गर्दै गर्भपतनलाई परिवार नियोजतका रुपमा लिइदैं आइरहेको स्वास्थ्य कार्यालय अर्घाखाचीका सूचना अधिकारी तथा कार्यकम संयोजक विजय विकले बताए । उनले जिल्लामा १८वटा सुरक्षित गर्भपतनका लागि मान्यता प्राप्त स्वास्थ्य संस्था रहेपनि त्यसभन्दा बाहिर औषधी पसलहरुबाट समेत गर्भपतन गराउने गरेको अनुमान गर्न सकिने बताए । 'गर्भपतन सेवा लिन कानूनी मापदण्डहरु छन् । ति पूरा गर्नुपर्ने हुन्छ, गर्भपतन सेवा दिने संस्था र चिकित्सक दुवै सूचीकृत भएका हुन्छन्, सूचीकृत भएका संस्थामा सुरक्षित गर्भपतन सेवाको लोगो राखिएको हुन्छ,' उनले भने 'केही औषधी पसल तथा अनधिकृत वा अयोग्य स्वास्थ्यकर्मीले क्षणिक आर्थिक लाभका लागि कमसल औषधी बिक्री-वितरण गर्ने गरेको पाइन्छ, त्यो असुरक्षित हो ।'

असुरक्षित गर्भपतनले ज्यानै जान सक्ने सम्भावना हुन्छ । गर्भपतन मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट मात्रै गनुपर्ने सरोकारवाला बताउँछन् । सरकारले सूचीकृत नगरेका ठाउँमा गर्भपतन सेवा लिनु भनेको अवैध र असुरक्षित हो । औषधि पसलेलाई औषधी सेवन र यसको डोजबारे जानकारी नै हुँदैन ।

### किन गराउँछन् गर्भपतन ?

गर्भपतन गराउने धेरै कारणहरु छन् । गर्भपतन गराउने प्रमुख कारण भनेका अशिक्षा, गरिबी नै हुन । यसका अलावाः

सन्तानको रहर पुग्नु ।

बच्चा जन्माउने महिलाको स्वास्थ्यमा खतरा हुनु ।

बलत्कार तथा हार्ड नाता बीच सम्बन्ध भइ गर्भ रहेमा ।

कसैको दबाब दिएमा ।

बच्चाको पालन-पोषण गर्ने व्यक्ति नभएमा ।

### बढ्दो गर्भपतनलाई न्यूनीकरण गर्न के गर्ने ?

गर्भपतनको बढ्दो अवस्थालाई न्यूनीकरण गर्न आवश्यक छ । बढ्दो गर्भपतनलाई न्यूनीकरण गनुपर्ने बताउँदै स्वास्थ्य कार्यालय अर्घाखाँचीका कार्यक्रम संयोजक विजय वि.क यस्तो बताउँछन् ।

परिवार नियोजनको अपरिपुर्त मागलाई पुरा गर्ने ।

२० वर्षको उमेर पुरा भएपछि मात्र विवाह गर्ने ।

उपयुक्त जन्मान्तर कामय राख्ने ।

परिवार नियोजनको सेवालाई सबैको पहुँच र उपयोगमा वृद्धि गर्ने ।

गर्भपतनलाई नियमित परिवार नियोजनको रुपमा नलिने ।

किशोर-किशोरीहरुमा प्रजनन स्वास्थ्य परिवार नियोजन सुरक्षित गर्भपतन, सुरक्षित मातृत्व सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरी ज्ञान सीप वृद्धि गर्ने ।

गर्भवती हुँदा स्वास्थ्यमा पर्ने प्रतिकुल असरको बारेमा स्वास्थ्य शिक्षा दिने । समुदाय स्तरमा प्रजनन स्वास्थ्य परिवार नियोजन गर्भपतन सम्बन्धी जानकारी गराउन समुदायमा रहेका जनप्रतिनिधि, बौद्धिक व्यक्ति, सरोकारवालालाई सचेत गराउने । स्थानीय तहले विभिन्न कार्यक्रम अन्तरकिया स्वास्थ्य, शिक्षा सूचनामार्फत आमजनसमुदायलाई सेचत गराउने । बढ्दो क्रममा हुने असुरक्षित गर्भपतनलाई रोकथाम नियन्त्रण गर्न कानून बमोजिम सम्बन्धित निकायले प्रभावकारी अनुगमन गरी नियन्त्रण गर्ने ।

गर्भपतन पश्चात पुनः दोस्रो पटक गर्भपतन हुन नदिनका लागि परिवार नियोजनका लामो अवधीका साधनको अनिवार्य प्रयोग गर्ने ।

**एन.वि. बात्रा हस्पिटल एण्ड मेडिकल रिसर्च सेन्टर लि.**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०८)

**शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८० साल पुष महिना २६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल गर्नको लागि निम्नलिखित मिति, स्थान तथा समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, स्थान र समयः**

**मिति : वि.सं. २०८० माघ २८ गते (तद्नुसार ११ फेब्रुअरी, २०२४) आइतबार**

**स्थान : कम्पनीको सिटी अफिस, सानेपा, ललितपुर ।**

**समय : बिहान १०:०० बजे ।**

**वार्षिक साधारणसभामा छलफल हुने विषयहरु :**

१) आ.व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०७९/८० को कम्पनीको वार्षिक वित्तिय विवरणहरु (वासलात, नाफा/नोक्सान हिसाब, नगद(प्रवाह विवरण आदि) सहितको लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३) आ.व. २०८०/८१ को लेखा परीक्षण गर्नको लागि रजिर्ष्टर्ड अडिटर श्री राजेन्द्र अर्याल (अर्याल राजेन्द्र एशोसिएट्स) लाई नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) विविध ।

**अध्यक्ष**
**संचालक समिति**

# JOB VACANCY

**We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.**

| | |
|---|---|
| ADMIN EXECUTIVE | -1 (Male/Female) |
| ACCOUNTANT | -1 (Male/Female) |
| LABOR DEPARTMENT OFFICER | -1 (Male/Female) |
| FLIGHT DEPARTMENT OFFICER | -1 (Male/Female) |
| RECEPTIONIST | -2 (Female) |
| PUBLIC RELATION OFFICER | -1 (Male/Female) |

Salary negotiable for deserving candidates. Incentive scheme available.
Requirement: Minimum 2 Years experienced in the related fields.

9801234991/9801234999
ykmanpoweragency@gmail.com

Y. K. Manpower Agency Pvt. Ltd.
वाई.के. मेनपावर एजेन्सी प्रा.लि.
Govt. Lic. No. 1439/074/075
ISO 9001:2015 Certified Company
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: (+977-014599181, 014597116)

## मलेसियामा रोजगार |

कम्पनी: UNICORN INDUSTRY (M) SDN BHD
शहर: PINANG

पूर्व स्वीकृत मिति:२०७९/१२ /१० चलानी नं.: ६०१९८८०४ L.T. No.: 283180 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १४, १५ र १६ गते (28, 29 & 30 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAMOUS HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660. Mobile No: 9801307500
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np
श्रम इजाजत नं. ५४५/०६१/०६२

## मलेसियामा रोजगार |

कम्पनी: FUTUREWOOD PRODUCTS SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४२७ L.T. No.: 298425

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com
श्रम इजाजत नं. १०९/०५४/०५५

## कुबेत र मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: BEATOUNA RECYCLING COMPANY K.S.C (CLOSED) शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०५/०४ चलानी नं.: ६०२०६५२० LT. No.: 291213 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker/helper | 73 | 0 | | 85 | ३६,६१८ | | | | | | | |

२. कम्पनी: KUWAIT WASTE COLLECTION & RECYCLING CO. शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०५/०४ चलानी नं.: ६०२०६५१९ LT. No.: 291212 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 9 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker/helper | 86 | 0 | | 85 | ३६,६१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ देखि २२ गतेसम्म (29 Jan to 5 Feb 2024) मा हुनेछ ।**

कम्पनी: MARINE GOLD MARKETING SDN BHD शहर: Malaysia, Batu Caves
पूर्व स्वीकृत मिति: २०७९/११/१७ चलानी नं.: ६०१९७३१७ LT. No.: 281841 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 28 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुबेतको रु. १०,०००/- मलेसियाको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9801026390 | 9803126395 | 9818550053

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NAWADER MAINTENANCE AND CLEANING COMPANY शहर : Dammam
पुर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४६६ L.T. No.: 298489

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अल-हरमैन एच.आर. प्रा. लि.
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४५८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४

## कतारमा रोजगारको अवसर

कम्पनी: STAR WINGS TRADING AND CONTRACTING
शहर: Doha
पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४४८ LT. No.:298238

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ass Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३६,३८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Indo Arab Manpower Pvt. Ltd.
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:977-1-5439268,5439269 Fax :5439259
Chitwan branch 056490228,9824204060, Mobile No:9822394963, 9801023474
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com.np

## SAUDI मा रोजगार

Midha Contracting Company

पुन विज्ञापन । पुर्व स्वीकृती मिति: २०७९/११/१५ चलानी नं. ६०१९७२९६ LT No.: 281675

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 3 | काममा दक्ष | 1800 | ६३,६१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Driver Heavy Equipment | 2 | | 2500 | ८८,३४८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८० माघ १५ गते (29 Jan., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

## युएईमा रोजगार |

कम्पनी: CHINA STATE CONSTRUCTION ENGINEERING CO
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४७२ L.T. No.: 298478

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plasterer | 100 | 0 | स. काममा दक्ष | 1200 | ४२,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय माठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई ओभरसिज सर्भिसेज प्रा.लि.
"Right Person in Right Place at Right Time"
महानगरीय प्रहरी वृत्तको ठीक पारी पट्टीको चुनदेवी मार्ग, महाराजगञ्ज, काठमाडौं
फोन नं.: ०१ ४३७७६६६, Mobile/WhatsApp :-9801045296/9801045286
इमेलः hrd@skyoverseas.com, hrd1@skyoverseas.com
ईजाजत नं. १२३/०५५/५६

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osce@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonmos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# विकृत राजनीतिक प्रतिस्पर्धा


कृषि विश्वविद्यालयको भवन कसले शिल्यान्यास गर्ने भन्नेबारे जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीबीच देखिएको विवाद सतहमा आएको छ । आइतबार साँझ मात्रै जनमत पार्टीका अध्यक्ष सिके राउतले शिल्यान्यास कार्यक्रम स्थगित गर्न गृह मन्त्रालयलाई पत्र लेखेका छन् । गृह मन्त्रालयलाई पत्र लेख्नु अगाडि जनमतका कार्यकर्ताहरूले राजविराजस्थित विश्वविद्यालयको कार्यालयमा ताला लगाएका थिए । तर जसपाका अध्यक्ष उपेन्द्र यादवले कृषि विश्वविद्यालयको भवन शिल्यान्यास गर्ने कार्यक्रम नरोकिदा सुरक्षा चिन्ता बढेको छ । जबकी उपेन्द्र र सिके दुवै अहिले सरकारी पदमा रहेका नेता होइनन् । त्यसैले यी दुई नेताबीच शिल्यान्यासको मतभेद हुनु सरमको विषय हो । तर दुवैको निर्वाचन क्षेत्र रहेको सप्तरी–२ मा विश्वविद्यालय भवन शिल्यान्यास हुन लागेकाले अनावश्यक विवाद चर्काइएको छ ।

विकास निर्माणमा अनावश्यक राजनीति हुने प्रवृत्तिकै कारण सर्लाही र बारामा केही समय अगाडि प्रहरीको गोली लागेर सर्वसाधरणको मृत्यु भएको थियो । गत २७ मंसिरमा बाराको सिम्रौनगढ नगरपालिकाको कार्यकारी प्रमुखलाई हाजिर हुन दिने वा नदिने विवादका क्रममा प्रहरीले गोली चलाउनु परेको थियो । गोली लागेर लक्ष्मी किशोरी मुखियाको मृत्यु भएको थियो । यसको एक महिनापछि २० पुसमा सर्लाहीको बर्थहवास्थित अस्पताल सञ्चालनको विषयमा विवाद हुँदा अर्का युवकले ज्यान गुमाउनु परेको थियो । यी दुई घटनाकै कारण राजविराजमा जसपा र जनमत पार्टी बढेको विवाद चिन्ताको विषय बनेको हो । अझ गत वर्ष मंसिरमा सम्पन्न चुनावमा यादव र राउतबीच चुनावी प्रतिस्पर्धा गरेकाले पनि यो कार्यक्रमलाई दुवै दलले प्रतिष्ठाको विषय बनाएको देखिन्छ ।

अर्कातिर गत वर्षको चुनावपछि मधेशमा जसपा र जनमत प्रतिस्पर्धी शक्ति देखिएकाले पनि राजविराज विवादलाई आवश्यक ध्यान दिन आवश्यक देखिन्छ । मधेशमा विगतको राजनीतिक घटनालाई हेरेर पनि प्रशासनले आवश्यक चासो दिन जरूरी छ । अझ राउतले गौर घटनाका तस्वीर राखेर कार्यक्रम स्थगनको माग राखेका छन् । त्यसैले यी दुई राजनीतिक शक्तिलाई सम्वादमा ल्याउन आवश्यक छ । जसपा र जनमतका नेताहरूले पनि मधेशको विकासमा अति राजनीतिकरण गर्नु गलत हो । दल र तिनका नेतृत्वको मूल्याकंन गर्ने सामर्थ्य नागरिकले राख्छन् भन्ने पनि नेताहरूले बुझ्न आवश्यक छ । तर लोकतान्त्रिक अभ्यास नै लज्जित हुनेगरी जस्तो गतिविधि र गैरजिम्मेवारी देखिएको छ, त्यसले नेताहरूप्रति नागरिक विश्वास थप गुम्ने संभावना हुन्छ ।

# मधेश आन्दोलन र संघीयता

अग्रलेख



● डा विजयप्रसाद मिश्र

मधेशमा मधेशीहरूका लागि मधेशी मूलका मानिसहरूले गरेको आन्दोलन मधेश आन्दोलन हो । अपवादका रूपमा केही पहाडी मूलका मानिसहरू पनि विभिन्न कारणले मधेश आन्दोलनको पक्षमा देखिएका थिए र छन् । तत्कालिन मधेशी जनअधिकार फोरम नेपालको आह्वानमा आममधेशीहरूले २०६३ माघमा गरेको आन्दोलनलाई पहिलो मधेश आन्दोलन भनेर चिनिन्छ । २०६३ माघ २ गतेबाट औपचारिकरूपमा सुरु भएको मधेश आन्दोलनमा माघ ५ गते लहानमा चलेको गोली लागि स्कूले विद्यार्थी रमेश महतोको मृत्यु भएपछि आन्दोलन चर्किएको थियो ।

रमेश महतोको हत्या हुँदा उनी वा उनको परिवार मधेश केन्द्रित दलमा आवद्ध थिएनन् । तर, मधेशको हकहितको लागि भएको आन्दोलनमा विद्यालय नजिकै भएको बादविवाद हेर्न गएका महतोको गोली लागि घटनास्थलमै मृत्यु भएको थियो । महतोको मृत्युपछि आक्रोशित स्थानीयवासीले यातायातका साधनहरू, सरकारी कार्यालयहरू जलाउने काम गरेका थिए । तत्काल सुरक्षा निकायले आन्दोलनमा हस्तक्षेप नगरेको कारण अराजक स्थिति सिर्जना भएको थियो । उक्त आन्दोलनमा केही स्वार्थी तत्वहरू वा भारतबाट नेपाल आई बसेका नवनागरिकहरूले पहाडी मधेशीको नारा लगाएर सर्वसाधारण पहाडी समुदायप्रति लक्षित गरी हत्या, हिंसा, अपहरण, चन्दा असुलीजस्ता क्रियाकलापहरू समेत गरेका थिए ।

मधेश आन्दोलनको सकारात्मक र नकारात्मक दुबै पाटो थियो । आन्दोलन नेताको हातमा थिएन । नेतृत्वविहीन आन्दोलन थियो । बरु आन्दोलनले नयाँ-नयाँ नेताहरू बनाउने काम गरेको थियो । माघ ५ गतेदेखि साँच्चिकै मधेश आन्दोलनले एउटा रूप लिए पनि लामो समयसम्म आन्दोलन चल्यो । पहिलो मधेश आन्दोलन मधेशी जनअधिकार फोरम नेपालको नाममा सञ्चालित थियो तर, यसमा मधेशका राप्रपा, सद्भावना पार्टी र अन्य राजनीतिक पार्टीका मधेशीमूलका नेताहरू पनि सहभागी भएका थिए । बौद्धिक समाज, नागरिक समाज, संघसंस्था, कर्मचारी, शिक्षक प्राध्यापक, किसान, मजदूर, विद्यार्थी, महिला, बालबालिका, मधेशी दलित, जनजाति सबैको सहभागिता रहेको थियो ।

मधेश आन्दोलनमा केही जिल्लाहरूमा पहाडी समुदायले पनि समर्थनमा जुलुश निकालेका थिए भने केही जिल्लामा पहाडी समुदायले मधेश आन्दोलनको प्रतिकार गरेका थिए । प्रतिकार भएका स्थानहरूमा दुबै पक्षमा झडप भई केही मानिसको मृत्यु पनि भएको थियो । मधेश आन्दोलनले जातिय हिंसाको रूप पनि कुनै-कुनै क्षेत्रमा लिएको थियो ।



### मधेश आन्दोलनको ऐतिहासिक पक्ष

यसअघि पनि मधेशमा मधेशीहरूको नाममा धेरैले आन्दोलन नगरेका होइनन् । संस्थागतरूपमा तराई कांग्रेसले २०१० सालबाट नै मधेशीको हक अधिकारको लागि आन्दोलनहरू गरेको थियो । तर, तराईका नागरिकहरूले २०१५ सालको संसदीय निर्वाचनमा नराम्ररी हार्न बाध्य बनायो । तराई कांग्रेसको मियो नै पञ्चायतमा प्रवेश गरी मन्त्री भएपछि यसको संगठन इतिहासमा मात्र कायम भयो । पछि परतन्त्र मधेशका लेखक रघुनाथ ठाकुरले प्राज्ञिक अनुसन्धान गरी मधेशीहरू माथि हुने विभेदको प्रचारप्रसार गरे । संगठन निर्माण गर्ने कोशिसहरू पनि गरेका थिए तर उनको संगठन प्रभावकारी हुन सकेन ।

पञ्चायतकालमा मधेशीहरूले पञ्चायतविरुद्धका आन्दोलनमा एतिहासिक भूमिका निर्वाह गरेका थिए । जनकपुरमा राजामाथि बम हान्ने प्रयास गर्नेदेखि धनुषाको जदुकाहामा २०४६ सालको आन्दोलनमा शहीद हुने मधेशी परिवार हुन् या सप्तरीका गजेन्द्रनारायण सिंहको नेतृत्वको मधेशीको हक हीतको लागि खोलिएको तराई परिषद् नै किन नहोस, सबैले मधेशीको हक आवाजको लागि संस्थागत प्रयासहरू गरेका थिए । पञ्चायत अवधिभर सरकार मधेशीप्रति अनुदार रहेको थियो ।

*मधेशले आन्दोलन गरेर ल्याएको संघीयतालाई बचाउने कि आठ वर्षकै उमेरमा घाँटी निमोठेर मार्ने हो, त्यो अब संघीय संसद र संघीय सरकारको हातमा रहेको छ । यसतर्फ राजनेताहरूले समयमै ध्यान दिएर मधेशका जनताले भविष्यमा कुनै पनि आन्दोलन गर्नुपर्ने परिस्थिति आउन दिनु हुँदैन ।*

वि.सं. २०४७ मा प्रजातन्त्र आएपछि नेपाल सद्भावना पार्टीको गठन संघीयता र मधेश हकहितका कुराहरूलाई लिएर भएको थियो । यो पार्टीले आन्दोलनहरू गरिरहेको थियो । पार्टीमा नेतृत्वको टकरावले गर्दा फुट्ने र जुट्ने क्रम अहिले पनि जारी छ । यही सद्भावना पार्टी फुटेर राजेन्द्र महतो, सरिता गिरी, बद्रिनारायण मण्डल, विकास तिवारी, अनिल झालगायत धेरैले विभिन्न पार्टीको नाममा नेतृत्व गर्ने र अर्को पार्टीमा विलय हुने खेल खेल्न थाले कोही मन्त्री बन्नका लागि पार्टी फुटाउँथे भने कोही व्यक्तित्वको टकरावको कारणले । कसैले पनि जनहीतको लागि पार्टी फुटाएको बलियो आधार दिन सकेका छैनन् । मधेश आन्दोलनले नेपालमा संघीयता ल्याउन खेलेको भूमिका महत्वपूर्ण छ । तर, समयमै कानुनहरू नबन्दा संघीयताको पूर्ण स्वाद चाख्ने अवसर मधेशले अझै पाएको छैन ।

### मधेश आन्दोलनपछि पार्टी खुल्ने, फुट्ने खेल

माघ ५ गतेको आन्दोलनपछि चर्चामा आउनुभएका उपेन्द्र यादव वा उहाँले नेतृत्व गरेको मधेशी जनअधिकार फोरम पछि पार्टीको रूपमा परिणत भयो । मधेश आन्दोलन भएको १७ वर्ष पूरा भएको छ । यसबीच मधेशी जनअधिकार फोरम पटकपटक फुटेर अहिले जनता समाजवादी पार्टीको रूपमा स्थापित छ । यस पार्टीमा पहिलेको जस्तो पहाडी विरोधी सोच छैन । पहिचानवादी, खस ब्राम्हणहरू समेत यस पार्टीमा समावेश भएका छन् ।

यसबीचमा मधेश केन्द्रित पार्टीहरू यति धेरै खुले कि उनीहरूको सैद्धान्तिक अडानमा खासै फरक नभए पनि आफ्नो पकडका लागि पार्टी खोलेको देखिन्छ । तर छुट्टै स्वाद लिएर डा. सीके राउतले खोलेको जनमत पार्टीको आधार मधेशलाई नै बनाइएको छ । रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले तराईको थारु समुदायलाई केन्द्रविन्दुमा राखेर अन्य समुदायका मानिसहरूलाई पार्टीभित्र अवसर दिएको छ भने माओवादी हुँदै अहिले मधेशमा नयाँ पार्टी खोल्ने प्रभु साहले मधेशको नयाँ वर्गलाई आकर्षित गर्न खोजेको देखिन्छ ।

पहिलो संविधानसभाअघि मधेशमा पहिलो र दोस्रो आन्दोलन भए । त्यसपछि धेरै पटक संविधानमा आफ्नो माग सम्बोधन गराउन आन्दोलनहरू गरे । दोस्रो संविधानसभाले संविधान बनाउने बेलामा झन् ठूलो आन्दोलन भयो । सीमा क्षेत्रमा बसेर नाकाबन्दी गर्ने, राजमार्गमा बन्द आह्वान गर्ने काम भयो । लगातार छ महिनाको आन्दोलनले पनि कुनै उपलब्धि भएन । प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) मिलेर संविधान पारित गराउँदा मधेश केन्द्रित दलहरू संविधान निर्माण प्रक्रियाबाट बाहिरिएका थिए । मधेश केन्द्रित दलहरूले पटकपटक संविधानमा संशोधन गर्नुपर्ने भन्दै विभिन्न मोर्चा बनाएर वा एक्लाएक्लै आन्दोलनहरू गरेका थिए ।

नेपाल जुन परिस्थितिबाट गुज्रिरहेको छ, त्यसलाई विश्लेषण गर्ने हो भने समग्र नेपाललाई मधेश नभई हुँदैन । मधेशमा छिमेकी मुलुकका धेरै नागरिकको घुसपैठ भएर नागरिकता लिएर बसोबास गरिरहेका छन् । नागरिकता वितरण गर्दा गैरनागरिकलाई पनि नागरिकता दिने क्रमले गर्दा जो वास्तविक मधेशी मूलका नेपालीहरू हुन् उनीहरूमाथि अन्याय भएको छ । ती नयाँ नागरिकता लिने अनागरिकहरूलाई पनि एउटै तराजुमा तौलिएर हेर्ने परम्परागत सोचका कारण वास्तविक मधेशीहरूमाथि विभेद् भएको छ । यसले उनीहरूमा असन्तुष्टी बढ्नु स्वभाविक हो ।

### निष्कर्ष

मधेश आन्दोलन निरन्तर चलिरहन्छ । यसका स्वरूपहरू मात्र परिवर्तन भइरहन्छन् । मधेशमा पार्टी खुल्ने, टुटने र जुट्ने क्रम पनि द्रुत गतिमै चलिरहन्छ । मधेश नेपालको लागि एउटा समस्याको रूपमा रहिरहन्छ । जबसम्म नेताहरूले मानवीय भावना, आत्मसम्मान, समावेशी, समानुपातिक, सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गर्दैनन् तबसम्म मधेश आन्दोलन चलिरहन्छ । मधेश आन्दोलन मात्र होइन, जातिय आन्दोलनहरू चलिरहन्छ । ती जातीय आन्दोलनहरूमा मधेश आन्दोलनको खेती अरुभन्दा बढी चर्चा परिचर्चामा रहने मात्र हो ।

अझ जातीय आन्दोलनका साथसाथै नेपालमा धार्मिक आन्दोलनले पनि खतरा बढ्दैछ । धर्मका नाममा हुने आन्दोलनको उर्वर भूमि पनि मधेश नै हुन सक्दछ । मधेशको सिको गरेर पहिचानबादीहरू जुर्मुराइरहेका छन् । यसले नेपालमा २०७२ को संविधानले दिएको अधिकारको विकेन्द्रीकरण गर्न नचाहने शक्तिको विरुद्धमा एकपटक फेरि जातीय संगठनहरू तातिन सक्छन् । धमिलो पानीमा माछा मार्न पल्किएका विदेशी शक्तिले बीचमा अर्को खेल खेलिदियो भने व्याजको लोभ गर्दागर्दै साउँसमेत उम्किन सक्ने देखिएको छ । त्यसैले मधेशले आन्दोलन गरेर ल्याएको संघीयतालाई बचाउने कि आठ वर्षकै उमेरमा घाँटी निमोठेर मार्ने हो, त्यो अब संघीय संसद र संघीय सरकारको हातमा रहेको छ । यसतर्फ राजनेताहरूले समयमै ध्यान दिएर मधेशका जनताले भविष्यमा कुनै पनि आन्दोलन गर्नुपर्ने परिस्थिति आउन दिनु हुँदैन ।

**(लेखक त्रिवि इतिहास केन्द्रीय विभागका सहप्राध्यापक हुन् ।)**

## सामाजिक सञ्जाल



**- मदन पोखरेल**

के यहि हो परिवर्तन ? राजनीति देश र समाज बदल्नको निम्ति नै हुनुपर्छ, तर यहाँ नेताज्यूहरूका घर, परिवारका सेवा सुविधा अनि अकुत सम्पत्ति, परिवारका सबैलाई रोजीरोटी, बडेबडे पदहरू प्रतिष्ठा, बिलासी र अय्यासी जीवनमा रूपान्तरणका लागि व्यवस्था परिवर्तन भएको जनताका समुन्ने छर्लङ्ग छैन र ?



**- राजेश अहिराज**

प्रहरी समायोजनको नाममा संगठन नै सिध्याउने कसैको योजना त होइन ? समायोजनले प्रहरी संगठनभित्रै अराजकता, अनुशासन हिनता, विद्रोह र स्खलन नआओस् । प्रहरी नेतृत्वले पहिला देश अनि संगठनप्रति इमानदार भएर मात्र नेता र निर्देशनलाई स्थान देओस् । नत्र सिंगो संगठन धरापमा पर्न सक्छ ।



**- सुर्यराज आचार्य**

विश्वविद्यालय व्यवस्थापन सञ्चालनमा सरकारी अड्डामा जस्तो 'ब्यूरोक्र्याटिक' शैली हावी हुनु हुँदैन, 'कलेजियल प्रणाली' पनि उत्तिकै क्रियाशील हुनु पर्दछ । दलको झोला बोक्ने प्राध्यापकहरूको बिगबिगी रहेको हाम्रा विश्वविद्यालयमा भागबण्डाको अभ्यासले 'कलेजियालिटी'को भावलाई खरानी बनाएको छ ।



**- निर्मल प्रसाइँ**

देशको सार्वजनिक शिक्षा अवस्था सडकमा छ, चौरमा छ, धुलोमा छ, माटोमा छ । देशको सार्वजनिक शिक्षा कोमामा छ, मरेको छ । यहाँ रामचन्द्र पौडेल र प्रचण्डको नाति नातिनालाई जहिलेसम्म सार्वजनिक स्कुलमा पढ्नुपर्ने बाध्यकारी नियम आउँदैन, तबसम्म यस्तै हो ।

# मधेशको राजनीति र गरिबहरूको सकस

विचार



● ज्योतिलाल वन

*हिउँदको ठण्डीले यिनै गरिबहरू मर्छन् र विपत् सहन्छन्, चैत-वैशाखको हुरीले यिनकै झुपडीको छानो उडाउँछ र बिचल्ली बनाउँछ । असार-भदौको झरीले यिनकै घर चुहाउँछ र नानाखाले रोगको शिकार बनाउँछ । यिनका बालबालिकाले न राम्ररी पढ्न पाउँछन्, न राम्ररी स्वास्थ्य उपचार गर्न पाउँछन् ।*

विश्वव्यापी पर्यावरणीय असन्तुलनले हो वा मानव सिर्जित प्रदुषणले हो, माघ पनि आधा पुग्न थाल्यो तर, यसपालि काठमाडौंमा हुस्सु पनि लागेको छैन र पहिले झैं तुसारो पनि परेको छैन । तर, ठिक उल्टो मेचीदेखि महाकालीसम्मकै तराई क्षेत्रमा भने यसपालि विगतलाई पनि उछिनेर हुस्सुसहितको शीत लहर बढेको छ । यो शीत लहरले सबैभन्दा बढी विपन्न समुदाय प्रभावित बनेका छन् । यसै कारण कतिपयको त ज्यानसमेत गइसकेको छ । उसो त चिसोले वर्षेनी नै विपन्नहरूको ज्यान लिने गरेको छ ।

तराईमा भूमिहीनता र न्यून भूस्वामित्व भएका विपन्न समुदाय कुल कृषि आधारित जनसङ्ख्यामा लगभग २५ प्रतिशत रहेका छन् आधार : राष्ट्रिय कृषि गणना-२०७८) । जसमा अनुमानतः सम्पूर्ण तराई भरीका दलित समुदाय ९८ प्रतिशत, राप्ती पारीदेखि महेन्द्र नगर (भिमदत्त नगरपालिका)सम्मका थारु समुदाय तथा अन्य सीमान्तकृत ८० प्रतिशत, चितवनदेखि राप्तीवारीसम्मका थारु र अन्य आदिवासी तथा सीमान्तकृत ७५ प्रतिशत, पर्सादेखि झापासम्मका थारु तथा अन्य आदिवासी र सीमान्तकृत समुदाय ६० प्रतिशत जनसंख्या यो अवस्थामा रहेका छन् । उल्लेखित तथ्यांक पंक्तिकार स्वयम्ले स्थलगतरूपमा अध्ययन गरी तयार पारेको हो ।

यी सबै भू-श्रमिक र गरीब किसानहरू हुन् । कृषिमा खासै आधारित नभएका र पटक्कै आधारित नरहेकोहरूले अहिले पनि उर्वरक भूमिको ठूलो हिस्सा ओगटेका छन् । दुःखको कुरा यी सबै कृषि श्रमिकहरू भने अहिले पनि भू-स्वामित्वबाट बञ्चित रहेका छन् ।

हिउँदको ठण्डीले यिनै गरिबहरू मर्छन् र विपत् सहन्छन्, चैत-वैशाखको हुरीले यिनकै झुपडीको छानो उडाउँछ र बिचल्ली बनाउँछ । असार-भदौको झरीले यीनकै घर चुहाउँछ र नानाखाले रोगको शिकार बनाउँछ । यिनका बालबालिकाले न राम्ररी पढ्न पाउँछन्, न राम्ररी स्वास्थ्य उपचार गर्न पाउँछन्, न पोषिलो खाना पेटभरी खान पाउँछन् न त आङ्गभरी लाउन नै पाउँछन् ।


चरम अन्यायपूर्ण अवस्था छ, जसले भूमि आवाद गरे, जसले भूमिमा नै श्रम गर्दै आएका छन्, ती भू-स्वामित्वबाट बञ्चित छन्, जसले भूमि लूटे ती भूमालिक बनेका छन्, दृश्यमा केही नरमता देखिए पनि अन्याय अत्याचार हिजो थियो, आज पनि यथावत नै छ ।

गणतन्त्र प्राप्तियता राज्यसत्ता अँठ्याउने अवसर पाएका फटाहाहरू, जो तीनै भू-लुटेरा र जाली फटाहरूको टेको समाएर राज्यसत्ता अँठ्याउने अवसर पाएका छन्, ती यी शोषित-उत्पीडितहरूलाई अधिकार दिलाउने हैन, आफ्ना कुत्सित स्वार्थ खातिर दयामायाको प्रदर्शन गर्छन् । भू-लूटेराहरूबाट भूमि खोसेर यी श्रमिकहरूलाई भूमि अधिकार दिलाउने कुरा गर्दैनन् । सम्पूर्ण उर्वरक भूमि ओगटेका भू-लुटेराहरूको भूमि छुँदै नछोइकन, यसो वनजंगल छेउछाउ, बगर छेउछाउ आदिका पाङ्गर ऐलानी, पर्ति आदि जस्ता भूमि दुई/चार कट्ठा दिलाएर यी अन्यायमा परेका कृषि श्रमिकहरूको मुख बुझो लगाउने योजना बनाउँछन् । त्यसैका लागि यी शोषक पक्षधर फटाहाहरूले कथित भूमि आयोग बनाएका हुन् ।

आफूलाई क्रान्तिकारी कम्युनिष्ट ठान्ने, शास्त्रीय कम्युनिष्ट क्रान्तिका ठूला कुरा गर्ने, वर्गीय मुद्दाको खुबै रटान लगाउने 'क्रान्तिकारीहरू' कतिपय समूहगत र कतिपय व्यक्तिगतरूपमा पनि नदेखिएका हैनन् । तर विडम्बना, यस्ता फटाहाहरूले पनि यस्ता मुद्दाहरूलाई स्पष्ट र गम्भीररूपमा उठाएको पाइँदैन । जुन ज्यादै दिक्कलाग्दो विषय बनेको छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | सबै कार्यमा सावधानी राख्नुपर्छ । विशेष कामले यात्रा हुनसक्छ । |
| वृष : | धार्मिक कार्यमा सहभागी हुने योग छ । विवादमा परिन सकिन्छ । |
| मिथुन : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुने योग छ । |
| कर्कट : | शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला । |
| सिंह : | आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । |
| कन्या : | पदमा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्ने योग छ । |
| तुला : | दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ । |
| वृश्चिक : | बाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ । |
| धनु : | नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| मकर : | प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ । |
| कुम्भ : | स्वास्थ्य गडबड हुने तथा चिन्तामा वृद्धि हुने योग छ । |
| मीन : | सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जुम्लाको बृहत् धौलीगाड खानेपानी आयोजनाको भौतिक प्रगति ४३ प्रतिशत



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ७ माघ

जुम्लाको बृहत् धौलिगाड खानेपानी आयोजनाको निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। आठ हजार ६ सय ९५ खानेपानी धाराका लागि निर्माण हुँदै गरेको उक्त आयोजनाको कामको भौतिकतर्फको प्रगति ४३ प्रतिशत रहेको छ। जुम्लाकै सबैभन्दा ठूलो खानेपानी आयोजनाको २ वटा प्याकेजमा काम भइहेको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जुम्लका निमित्त कार्यालय प्रमुख दिपेन्द्र भट्टले बताए। उनले आयोजनाको भौतिक प्रगति ४३ प्रतिशत तथा वित्तीय प्रगित ३४ प्रतिशत भएको जानकारी दिए। उनले भने, 'बृहत् धौलीगाड खानेपानी अयोजनको २ वटा प्याकेजमा काम भइरहेको छ। पहिलो इन्टेकदेखि आरभिटीसम्मको काम भइरहेको छ। जसमा इन्टेक निर्माण, डिसी, आईसी, पाइपलाइन निर्माण ट्यांकी निर्माण भइरहेको छ। यस क्षेत्रमा १ सयदेखि ६ सय घन मिटरका ट्यांकीहरु निर्माण भइरहेका छन्।' चन्दननाथ, तातोपानी र गुठीचौर गाउँपालिका क्षेत्रमा ६ सय घनमिटरको १ ट्यांकी, ३ सय घनमिटरको १, २ सय घनमिटरका २, डेढ सय घनमिटरका ३ र ४ सय मिटरका ट्यांकी निर्माण धमाधम भइरहेका छन्। कार्यालयका अनुसार प्याकेज १ अनुसारको यस कामका लागि ट्रान्समिसन पाइपलाइन ७१.९३ किलोमिटरको काम भइरहेको छ।

कार्यालयका अनुसार प्याकेज २ मा ट्यांकीदेखि धारासम्मको दुई सय किमी वितरण पाइपलाइनको कार्य पनि धमाधम भइरहेको छ। जसअन्तर्गत करिब १३० देखि १४० किमी वितरण पाइपलाइनको काम सम्पन्न भइसकेको कार्यालयले बताएको छ। कार्यालय प्रमुख भट्टका अनुसार प्याकेज १ मा निर्माण कम्पनी कन्काई जेभी ललितपुर र सिएमसी कन्सट्रक्सन प्राइभेट लिमिटेडले काम गरिरहेको प्याकेज १ को कामका लागि ५४ करोड ४१ लख चार सय ५३ रुपैयाँ ४७ पैसा र प्याकेज २ का लागि ३७ करोड ७ लाख पाँच हजार तीन सय ७१ रुपैयाँ रकम रहेको छ। प्याकेज १ को निर्माण कम्पनीसँग २०७८ चैत ४ गते ३६ महिनाका लागि र प्याकेज २ का लागि २०७९ असार १९ गते ३० महिनाका लागि कामको सम्झौता भएको छ।

### ४३ हजार बढी जनसंख्या लाभान्वित

जुम्ला सदरमुकाममा खानेपानीको अभाव भइरहेको समयमा हिमालको शुद्ध खानेपानी खाने उद्देश्यले समुद्र सतहदेखि ३ हजार ९ सय १८ मिटर उचाइमा रहेको शुद्ध मुहानबाट धौलीगाडको खानेपानी जुम्लाको चन्दननाथ नगरपालिका, तातोपानी गाउँपालिका र गुठीचौर गाउँपालिकाका ४३ हजार ७ सय १८ जनसंख्या लाभान्वित हुनेछन्। त्यस्तै जुम्ला सदरमुकाममा बढ्दो जनसंख्या र खानेपानीको अभाव भइरहेको समयमा बृहत् धौलीगाड खानेपानी आयोजना यस क्षेत्रको मुहार फेर्ने आयोजनाको रुपमा रहेको नागरिक समाजका अध्यक्ष राजबहादुर महतले बताए। उनले भने, 'धौलीगाड खानेपानी गौरवको आयोजनाको रुपमा रहेकाले सबै मिलेर यसलाई अगाडि बढाउन आवश्यक रहेको छ।' चन्दननाथ नगरपालिका ४ निवासी सिर्जना रावतले यस आयोजनाले ठूलो राहात दिने बताइन्।

### ३५ करोड बजेट अभाव हने

संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जुम्लाका अनुसार हालसम्म लक्ष्य अनुसारको काम भइरहेको छ। तर कार्ययोजना अनुसार बजेट अभाव भइरहेको छ। यस वर्ष आयोजनाका लागि नियमित बजेट १२ करोड रुपैयाँ विनियोजन भएको थियो। धमाधम काम भइरहेको र बाँकी करिब १२ करोड यस वर्षका लागि बजेट अभावव हुने देखिएको कार्यालयले जनाएको छ। सो रकमको माग गरी लिखितरुपमा सम्बन्धित निकायमा पठाइएको कार्यालयले जानकारी दिएको छ। कम्पनीसँग सम्झौता भएको रकमभित्रकै यो आर्थिक वर्ष र आगामी आर्थिक वर्षमा गरी करिब ४० करोड रुपैयाँ बजेट सरकारले सुनिश्चत गरे निर्धारित समयमा योजना अनुसारको काम सम्पन्न भइ खानेपानीको धारा घर-घरमा पुग्ने छ। त्यस्तै कर्णाली प्रदेशका पूर्वकानून मन्त्री तथा धौलीगाड आयोजनाका परिकल्पनाकार नरेश भण्डारीले यो पानीलाई खानेपानी विभागले यार्सा मिनरल वाटरको रुपमा अन्तराष्ट्रिय बजारमा बिक्री गर्न सक्ने बताए। उनले भने, 'यो आयोजना जुम्ली जनताको सपनासँग जोडिएको आयोजना भएकाले सबै मिलेर सम्पन्न गर्नुपर्ने बेला आएको छ।'

---

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: ETIDAL AL HAMIDI BOUTIQUE COMPANY FOR RETAIL SALON OF WOMEN'S READY TO WEAR CLOTHING.
पूर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४३० | LT. No.: 298424 | शहर: Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor/master Cutter/ Reception/sales/worker/helper | 5 | 0 | स. काममा दक्ष | 150 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

---

## मलेसियामा रोजगार

कम्पनी: SHINMAYWA AEROBRIDGE MALAYSIA SDN BHD | शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०८०/१०/०५ | चलानी नं.: ६०२१३४०० | L.T. No.: 298428

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: शहर : OHMS NEOMISHAN CUISINE ELEMENTS SDN BHD | शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०८०/०२/१९ | चलानी नं.: ६०२०२४६२ | L.T. No.: 287089 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: FAR EAST ROLLER SHUTTERS SDN BHD | शहर: Malaysia, Selangor
पूर्व स्वीकृत मितिः २०७९/०९/२० | चलानी नं.: ६०१९४३७९ | L.T. No.: 278769 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: EPOLY PACKAGING INDUSTRY SDN.BHD. | शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८०/०२/२५ | चलानी नं.: ६०२०२८४२ | L.T. No.: 287514 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 13 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Two sandwich company for serving meals | शहर: RIYADH
पूर्व स्वीकृत मितिः२०८०/१०/०५ | चलानी नं.: ६०२१३४०५ | LT. No.: 298362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 2 | 0 | | 1500 | ५३,०४० | | | | | | | |

कम्पनी: KHALED ABDULLAH MANSOUR AL KHURAIJI CONTRACTING EST | शहर: RIYADH
पूर्व स्वीकृत मितिः२०८०/१०/०४ | चलानी नं.:६०२१३२६९ | LT. No.: 298149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० माघ १५ गते ( 29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

---

## साउदीमा रोजगार

कम्पनी : AHAD TAJ GENERAL CONTRACTING EST. | शहर : Saudi Arabia, ABQAIQ
पुर्व स्वीकृत मितिः २०८०/१०/०७ | चलानी नं.: ६०२१३४४४ | LT. No.: 298490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Work Force Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

---

# शुक्लागण्डकी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ, गण्डकी प्रदेश, नेपाल

## आ.व. २०८०/०८१ को आन्तरिक आयको ठेक्का सम्बन्धी वोलपत्र आह्वानको सूचना
## ELECTRONIC BIDS ONLY

**(दोश्रो पटक प्रकाशित मितिः २०८०/१०/०८ गते)**

